**बैंठकका निर्णयहरुः-**

**निर्णय नं. १ :** सन्धिखर्क नगरपालिकाबाट जडीबुटी, कवाडि र जीवजन्तु निकासी सम्बन्धी आयठेक्काको सूचना प्रकाशन गरीएकोमा सार्वजनिक खरिद अनुगमन कार्यालय, केसर महल काठमाण्डौको च. नं. MIT/१८२, मिति २०८३/०५/११ गतेको पत्रबाट सूचना बमोजिम उक्त आयठेक्का सम्बन्धी सूचना रद्ध गरी हार्डकपी मार्फत आयठेक्का सम्बन्धी सूचना प्रकाशन गरी प्रक्रिया अगाडी बढाउने ।

**निर्णय नं. २ :** सन्धिखर्क नगरपालिकाको आर्थिक बर्ष २०८३/०८४ को को लागि औषधीहरुको दररेट स्वीकृत गर्ने र बोलपत्र सम्बन्धि प्रक्रिया अगाडी बढाउने ।

**निर्णय नं. ३ :** मिति २०८३/०५/१० गतेका दिन विहान भोटेकोशी र त्रिशुली नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकहरुको उद्धार, राहत तथा पुनःस्थापनामा ऐक्यवद्धता जनाउँदै बाढीले सिर्जित विपद्का कारण प्रभावित तथा पीडित परिवारलाई राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले सन्धिखर्क नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट रु. ५,५५,५५५ ( अक्षरुपी पाँच लाख पच्पन्न हजार पाँच सय पच्पन्न रुपैयाँ) रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उपलब्ध गराउने ।

**निर्णय नं. ४ : सन्धिखर्क नगरपालिकाको स्वास्थ्य तर्फका कार्यक्रम संचालन सम्बन्धि मार्गदर्शन, २०८३** स्वीकृत गर्ने ।

**निर्णय नं. ५ :** सन्धिखर्क नगरपालिकाबाट हाल रु. ५ लाखसम्म पूँजी भएका प्राईभेट फर्म दर्ता, नविकरण, अद्यावधिक हुँदै आएकोमा लुम्बिनी प्रदेश सरकारको प्राईभेट फर्म दर्ता (पहिलो संशोधन) नियमावली २०८२ बमोजिम हुने गरी अव उप्रान्त सन्धिखर्क नगरपालिकाको कार्यालयबाटै १० लाखसम्म पूँजी भएका प्राईभेट फर्म दर्ता, नविकरण, अद्यावधिक गर्ने ।

**निर्णय नं. ६ :** सन्धिखर्क नगरपालिका वडा नं. ११ निवासी टामलाल खनालको नाती, लक्ष्मण खनालको छोरा वर्ष २ को बरुण खनाललाई ARPC1 Deficiency नामक दुर्लभ जन्मजात रोग लागेकोमा निजको उपचारको लागि आर्थिक सहयोग गर्ने ।